नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

## जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको

## महाप्रबन्धक नियुक्तिका लागि गठित छनोट समितिको पदपूर्ति सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८२।९।२३)

वन तथा वातावरण मन्त्रालय अन्तर्गतको जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको रिक्त महाप्रवन्धक पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहाय बमोजिम योग्यता तथा अनुभव पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक मिति २०८२।५।१२ मा प्रकाशित भएकोमा दरखास्तको अवधि पूरा नहुँदै उत्पन्न असहज परिस्थितिका कारण प्रक्रिया स्थगित भएकोले दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र (अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) कार्यालय समयमा मन्त्रालयको प्रशासन शाखा, सिंहदरबार, काठमाडौँमा गोप्य दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। निर्धारित मिति र समयभित्र प्राप्त हुन नआएका तथा रीत नपुगेको दरखास्त उपर कुनै कारबाही हुनेछैन। साथै प्रथम पटक प्रकाशित सूचना बमोजिम प्राप्त दरखास्त समेत मान्ने हुने व्यहोरा जानकारी गराइन्छ।

१) **योग्यता तथा अनुभव :**

क) मान्यता प्राप्त विश्वविद्यालयबाट वन विज्ञान, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि विज्ञान, समाज शास्त्र, व्यवस्थापन, वनस्पति शास्त्र वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातक तहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दस वर्षको अनुभव भएको हुनुपर्नेछ।

ख) तीस वर्ष उमेर पूरा भएको हुनुपर्नेछ।

२) **दरखास्त पेश तथा छनोट प्रक्रिया :**

क) दरखास्त साथ वन तथा वातावरण मन्त्रालयको website: **www.mofe.gov.np** मा प्रकाशित वन तथा वातावरण मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी, कार्यकारी प्रमुख तथा सदस्यको नियुक्ति र मनोनयनका लागि छनोट गर्दा अपनाउनुपर्ने कार्यविधि, २०७५ को दफा ३ बमोजिमको कागजात संलग्न राखी सोही कार्यविधिको अनुसूची बमोजिमको दरखास्त फाराम भरी पेश गर्नुपर्नेछ।

ख) अन्तर्वार्ताको दिन उम्मेदवार आफ्ना सबै सक्कल प्रमाणपत्र सहित उपस्थित हुनुपर्नेछ।

ग) जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड सञ्चालनको व्यावसायिक कार्य योजना सिलबन्दी गरी बढीमा १५ पेजमा (हार्ड र सफ्ट कपी छुट्टाछुट्टै) पेश गर्नुपर्नेछ। व्यावसायिक कार्य योजनामा कम्पनीलाई विस्तार (Upscalling) गर्ने रणनीतिक योजना समेत पेश गर्नुपर्नेछ।

घ) दरखास्त फाराम पेश गर्दा लाग्ने परीक्षा दस्तुर बापत वन तथा वातावरण मन्त्रालयको कार्यालय कोड नम्बरः ३२९००३५०१, राष्ट्रिय वाणिज्य बैंकको राजस्व खाता नं. १०००१००२०००१०००० तथा राजस्व शीर्षक नं. १४२२४ मा रु. ३,०००।- बुझाएको सक्कल भौचर संलग्न गर्नुपर्नेछ।

ङ) व्यावसायिक कार्य योजनाको प्रस्तुतीकरण र उम्मेदवारको छनोट सम्बन्धी विस्तृत विवरण मन्त्रालयको website: www.mofe.gov.np मा प्रकाशित **"वन तथा वातावरण मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३"** तथा **"वन तथा वातावरण मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी कार्यकारी प्रमुख तथा सदस्यको नियुक्ति र मनोनयनका लागि छनोट गर्दा अपनाउनुपर्ने कार्यविधि, २०७५"** मा उल्लेख भए बमोजिम हुनेछ।

च) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त छनोट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी कुनै पनि समयमा रद्द गर्न सक्नेछ।

छ) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

ज) यस सम्बन्धी थप जानकारीका लागि वन तथा वातावरण मन्त्रालयको प्रशासन शाखा वा टेलिफोन नं.४२११८९१ मा सम्पर्क गर्न सकिनेछ।